नेपाल सरकार

गृह मन्त्रालय

फोन : ०१०-५२०१२१

: ०१०- ५२०१३३

फ्याक्स नं.: ०१०-५२०२७७

# जिल्ला प्रशासन कार्यालय

## (जिल्ला दैवी प्रकोप उद्धार समिति)

धादिङ

प.सं: ०७४/७५

च.नं: ४०१

मिति:२०७४ साउन २६ गते

**बिषय:** निर्णयको उतार पठाईएको बारे।

श्री जिल्ला समन्वय समिति धादिङ

श्री जिल्ला सुरक्षा समितिका सम्पूर्ण सदस्यज्यूहरु

श्री जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयहरु

श्री नेपाल रेडक्रस सोसाईटी, धादिङ जिल्ला शाखा

श्री जिल्ला स्थित संघ संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु

श्री जिल्ला अगुवा सहयोगी निकाय

श्री जिल्लामा कार्यरत सबै राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस तथा विकास सहयोग नियोगहरु।

प्रस्तुत बिषयमा रुबी भ्यालि गाँउपालिका ४ हिमदुङ गाँउको पहिरो लगायतका बिषयहरु उपर छलफल गर्न मिति २०७४ साउन २६ गते बसेको जिल्ला दैवी प्रकोप उद्धार समिति बैठकको निर्णय प्रति तहांको जानकारीका लागी यसै साथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार सादर अनुरोध छ। निर्णय कार्यान्वयनमा सबैको सक्दो सहयोगको अपेक्षा समेत छ।

२०७४।४।२६

खड कुमार पोखरेल
प्रशासकीय अधिकृत

**निर्णयहरु**

१. रुबी भ्यालि गाँउपालिका ४ हिम्दुङ गाँउमा २०७४ साउन २४ गते राती परेको बर्षाको कारण गएको पहिरोले १ घर बगाएको, १० घर लगायत हिमदुङ आधारभूत प्रा.वि. भवन र हिम्दुङ स्वास्थ्य विन्दु भवन उच्च जोखिममा रहेको र २३ वटा घरहरु जोखिममा भएको जानकारी जिल्ला प्रशासन कार्यालय धादिङमा प्राप्त भएकोले पहिरो पिडितलाई तत्काल सुरक्षित तवरमा अस्थाई बसोवास गराउनका लागि उपयुक्त स्थल पहिचान गरी पठाउन रुबी भ्याली गाँउपालिकालाई जिल्ला समन्वय समिति मार्फत अनुरोध गरि पठाउने।

२. पहिरो प्रभावित घर परिवारलाई तत्काल नेपाल सरकारको मापदण्ड बमोजिम राहत उपलब्ध गराउने। पिडितका लागि तत्काल आवश्यक त्रिपाल, खाद्यान्न र लत्ता कपडा लगायतका सामग्रीहरु लेखाजोखा गरि पठाउन रुवी भ्याली गाँउपालिकालाई जिल्ला समन्वय समिति धादिङ मार्फत अनुरोध गर्ने।

खड कुमार पोखरेल
प्रशासकीय अधिकृत

*"सेवामैत्री प्रशासन - संघीयतामा सुशासन"*

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(जिल्ला दैवी प्रकोप उद्धार समिति)
धादिङ

फोन : ०१०-५२०१२१
: ०१०- ५२०१३३
फ्याक्स नं.: ०१०-५२०२७७

४०९

३. पहिरो प्रभावितका लागि आवश्यक खाद्यान्न, अस्थाई आवासमा प्रयोग हुने त्रिपाल, जस्तापाता र लत्ताकपडा आदि आपतकालिन राहत सामग्री संकलन गर्ने कार्यमा सहयोग गर्न नेपाल रेडक्रस सोसाईटी, धादिङ उद्योग वाणिज्य संघ र विपद्को क्षेत्रमा कार्यरत गैससहरुलाई आहवान गर्ने।

४. पहिरो प्रभावित स्थल भौगौलिक हिसावले विकट रहेको र सहज यातायातको पहुँचबाट समेत टाढा रहेकाले हेलिकप्टरबाट राहत सामग्री ढुवानी गर्न आवश्यक भएकाले सोको लागी गृह मन्त्रालयसँग अनुरोध गर्ने।

५. धादिङ जिल्लामा भूकम्पका कारण जोखिममा परी स्थानान्तरण गर्न आवश्यक वस्तीहरुको पहिचान गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्ने अध्ययनको सूचीमा रुवी भ्याली गाँउपालिका वडा नं ४ को हिमदुङलाई समेत समावेश गराउन राष्ट्रिय पुनर्निमाण प्राधिकरणलाई सिफारिस गरी पठाउने। साथै जिल्लामा २०७२ सालको भूकम्पको प्रभावले हाल पहिरोको उच्च जोखिममा परेका र तत्काल स्थानान्तरण गर्नु पर्ने वस्ती राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको अध्ययनको सूचीमा समावेश गराउन सिफारिस गरिपठाउन सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्ने।

६. जिल्ला दैवी प्रकोप उद्धार समितिबाट आहवान भए अनुसार विपद्को समयमा तत्काल राहत उद्धारमा उपयोग हुने खोज तथा उद्धार सामग्री सहयोग गर्न जि.आई.जेड र अक्सफाम तयार रहेको जानकारी जिल्ला दैवी प्रकोप उद्धार समिति सचिवालयमा आएकाले आवश्यक प्रक्रिया पुरा गरि उक्त सामग्रीहरु बुझिलिने।

७. गंगाजमुना गाँउपालिका वडा नं २ प्रुन्दुङमा मिति २०७४ साउन ४ गते विहान गएको पहिरोबाट विस्थापित १२ र सोही गाँउपालिकाको वडा नं १ को सल्ले गाँउका ५ घर परिवारलाई उद्धार तथा राहत वितरण कार्यमा संलग्न सुरक्षा निकाय, बिषयगत सरकारी कार्यालयहरु, नेपाल रेडक्रस सोसाईटी धादिङ जिल्ला शाखा, धादिङ उद्योग वाणिज्य संघ लगायत सम्पूर्ण सहयोगी संघ संस्थाहरुलाई धन्यवाद दिने।

८. नेपाल रेडक्रस सोसाईटी धादिङ शाखाबाट संचालित रक्तसेवा केन्द्रको मर्मतका लागि माग भए अनुसारको कर्कट जस्तापाता उपलब्ध गराउने।

९. राष्ट्रिय प्रकोप जोखिम न्यूनिकरण केन्द्र नेपाल काठमाडौंले आड्रा नेपालको अर्थिक सहयोगमा धादिङ जिल्लामा ग्रामीण आपसी विकास नेपालको सहयोगमा २०७४ साउन ३१, ३२ र भाद्र १ गते धादिङबेसीमा संचालन गर्न लागेको आपतकालीन पूर्वतयारी मानवीय कार्य र आधारभूत मानवीय मापदण्ड सम्बन्धि तालिम कार्यक्रममा सहभागीताका लागि माग भएअनुसार सरोकारवालाको सहभागीताका लागि जिल्ला दैवी प्रकोप उद्धार समिति सचिवालयबाट

चण्ड कुमार पोखरेल
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## (जिल्ला दैवी प्रकोप उद्धार समिति)

धादिङ

फोन : ०१०-५२०१२१
: ०१०- ५२०१३३
फ्याक्स नं.: ०१०-५२०२७७

४०१

आवश्यक समन्वय सहयोग गर्ने । उक्त कार्यक्रममा गाँउपालिकाका प्रतिनिधिहरु, गैसस महासंघ, नेपाल पत्रकार महासंघ लगायतका संघ संस्थालाई समेत समावेश गराउन सुझाव दिने ।

१०.गत आर्थिक बर्ष २०७३।७४ मा जिल्ला प्रशासन कार्यालय धादिङबाट दैवी प्रकोप उद्धार राहत सहयोग (चट्याांङ, आगलागी आदि)मा भएको जम्मा खर्च रु. १,४०,०००। (एक लाख चालिस हजार मात्र) अनुमोदन गर्ने ।

२०७४।५।२५

षड् कुमार पोखरेल
प्रशासकीय अधिकृत

षड कुमार पोखरेल
प्रशासकीय अधिकृत